धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलान्चोक
फोनः ०११-४९०३२४

## गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी उद्यमशिलताको माध्यमवाट उद्यमी श्रृजना गर्न इच्छुक व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट गर्न आशयपत्र आह्वानको लागि तयार गरिएको

## कार्यक्षेत्रगत शर्त – Terms of Reference (TOR)

१. <u>व्यवसाय विकास सेवा प्रदायक संस्थाले गर्नु पर्ने कामको पृष्ठभूमिः</u>

नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम को वित्तीय तथा प्राविधिक सहयोगमा सन् १९९८ देखि लागू भएको लघु उद्यम विकास कार्यक्रमलाई आ.व. ०६६/०६७ देखि नेपाल सरकारले आन्तरिकीकरण गरी गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) को रुपमा विस्तार गरी सञ्चालन गर्दै आएकोमा यस आ.व. ०७७/७८ देखि ७५३ वटै स्थानिय तहहरु मार्फत सन्चालन हुदैछ। यस धुलिखेल नगरपालिकामा आ. व. ०७७/७८ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका सवै प्रकृया चरणबद्ध तवरले संचालन गर्न अनुभवि, योग्य व्यवसाय विकास सेवा प्रदायक संस्था, गैह्र सरकारी संस्था, फर्म वा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा दर्ता भएको कम्पनी मध्येबाट छनौट गरी कार्यक्रम संचालन गर्न यो कार्यक्षेत्रगत शर्त (TOR) तयार गरिएको छ ।

कार्यक्रम संचालनको लागि प्राप्त आशयपत्रहरु मध्येवाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (५) वमोजिम तीन देखि वढिमा छ वटा संस्थाहरु प्रारम्भिक छनौट गरी छनौट भएका संस्थाहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताब आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा एउटा सेवा प्रदायक संस्था छनौट गरिनेछ । तर प्रथम पटकको आशयपत्रको मूल्याकंनको क्रममा कम्तिमा तीनवटा संस्थाले उत्तिर्णाङ्क प्राप्त गर्न नसकेमा वा तीन भन्दा कम आशयपत्र पेश हुन आएमा सार्वजनिक खरिद ऐन, २०६३ अनुसार हुनेछ । यसरी छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थासंग नगरपालिकाले नियमानुसार सम्झौता गरी कार्यक्रम संचालन हुनेछ ।

२. <u>(MEDPA) कार्यक्रमको उद्देश्यः</u>

अति विपन्न वर्ग, गरिवीको रेखामुनी रहेका महिला, दलित, आदिवासि जनजाति, मधेशी वा आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिले पछाडि परेका वर्ग, न्यून आय भएका वर्ग,वैदेशिक रोजगारीवाट फर्किएका यूवाहरु र नेपाल सरकारले लक्षित वर्ग भनी तोकेका जनसमुदायलाई उद्यमशिलताको माध्यमबाट उद्यमी श्रृजना गरी रोजगारी एवं स्वरोजगारीका अवसरहरु प्रदान गरी उनीहरुको आयस्तरमा सुधार गरी गरिवी निवारणमा सहयोग पुर्‍याउनु यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

नगर कार्यपालिकाको कार्यालय, धुलिखेल नगरपालिका, धुलिखेल,काभ्रेपलान्चोक, बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

३. <u>कार्यक्रम लागू हुने क्षेत्रः</u>

यो कार्यक्रम धुलिखेल नगरपालिकामा लागु हुने छ । नगरपालिकाको निर्णय अनुसार लघु उद्यम विकासका लागि उपलब्ध श्रोत, बजार र लक्षित वर्गको आधारमा सम्भावित वडाहरुमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्षेत्र निर्धारण गर्नेछ ।

यसरी निर्धारण गरिएका वडाहरुमा लघु उद्यम विकासका लागि नगरपालिकाबाट छुट्याएको श्रोत र निर्धारण गरेको लक्ष्यलाई समेत समावेश गर्न सकिनेछ ।

४. <u>छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरुः</u>

**४.१ नयाँ उद्यमी श्रृजना तर्फः**

नयाँ उद्यमी श्रृजना भन्नाले तोकिएको संख्यामा तपसिलमा उल्लेखित प्रक्रियाको माध्यमवाट तयार भएका लघु उद्यमी सम्झनु पर्दछ र उद्यमीहरू गणना गर्दा उद्यम शुरुवात गरिसकेको अवस्थालाई जनाउनेछ । लक्षित नयाँ उद्यमी श्रृजना गर्दा कूल उद्यमीमध्ये स्थानीय तहको जनसख्याको अनुपातमा महिला (एकल महिला समेत) ७०%, दलित ३०%, जनजाति ४०%, मधेशी ४०%, युवा (१६–४० वर्ष) ६०% रहनेछन् । यदि नगरपालिकाको कुनै वडाहरुमा गरिव परिवारको अनुपात माथि तोकिए अनुसार नभएमा जुन जाति वा वर्गको अनुपात वढि छ सोहि अनुरुप लक्ष्य निर्धारण गर्नुपर्नेछ

(क) **प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययनः** कार्यक्रम सञ्चालन गर्नका लागि तोकिएको नगरपालिका वा सम्वन्धित वडाको प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन गरी त्यसको प्रतिवेदन सम्बन्धित नगरपालिकामा पेश गर्नुपर्ने छ ।

(ख) **कार्यक्रमबारे अभिमुखीकरणः** कार्यक्रम संचालन गर्नका लागि छनौट भएको संस्थाले स्थानीय तहका जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, बुद्धिजिवी, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा कार्यक्रमबारे अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्नेछ । अभिमुखिकरण कार्यक्रमका माध्यमबाट बजार, स्रोत सम्भाव्यता र लक्षित वर्गबारे सुनिश्चित गर्ने।

(ग) **उद्यम विकास समिति गठनः** नगरपालिकाले नगर वा वडा उद्यम विकास समिति गठन गर्न आवश्यक ठानेमा उद्यम विकास समितिको गठन र परिचालनमा सहजिकरण गर्नुपर्नेछ।

(घ) **सहभागितामूलक ग्रामिण लेखाजोखाः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि बजार स्रोत सम्भाव्यता अध्ययनको प्रतिवेदनले निर्धारित गरेका वडाहरु र समुदायमा सम्वन्धित सरोकारवालाहरुको सहभागितामा सहभागितात्मक ग्रामिण लेखाजोखा (Participatory Rural Apraisal –PRA) गर्नुपर्नेछ । नगरपालिकाले कार्यक्रम कार्यान्वयन गर्न भनी तोकेको वडा/वस्तीमा बसोबास गरेका समूहहरुमध्येबाट कम्तिमा २०–२५ जना सहभागी हुने गरी कार्यक्रमको लक्षित वर्ग, श्रोत ,बजार र सिपको संभाव्यता पहिचान गर्नुपर्नेछ ।

(ङ) **सर्वेक्षण प्रकृयाः** PRA को माध्यमबाट छनौट भएका परिवारहरुमध्ये निम्न मध्यम, गरिव र अति गरिव परिवारको फाराम **A** भर्ने र उक्त परिवार गरिवीको रेखामुनी भएको सुनिश्चित गरी १६ देखि ५० वर्षभित्रका बेरोजगार सदस्यको फाराम **B** भर्ने । यदि परिवारमा कुनै पनि प्रकारको व्यवसाय गरिरहेको वा व्यवसाय गरेर बन्द भएको पाइएमा फाराम **C** समेत भरी उक्त फारामहरुको विश्लेषणको आधारमा



धुलिखेल नगरपालिका नगर कार्यपालिकाको कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

संभावित उद्यमीहरु छनौट गर्ने । सर्वेक्षणको लागि आवश्यक फारम सोही निर्देशिकाका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिकामा व्यवस्था भए बमोजिम नगरपालिकाले उपलब्ध गराएको नमुना अनुसारका फारमहरु (A देखि G सम्म) आफैले आवश्यक संख्यामा छपाई गरी सरोकारवालाको प्रत्यक्ष संलग्नतामा भरी उक्त फारमहरुको विश्लेषण गरी लक्षित वर्ग छनौट गर्ने र उक्त फारमहरुको विवरण कम्प्युटरमा प्रविष्ट गरी **SOFT COPY** र सक्कल फारमहरुमा संस्था प्रमुखले प्रमाणित गरी नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(च) **समूह निर्माण र क्षमता अभिवृद्धिः** फारम A, B र C को विश्लेषणको आधारमा संभावित लघु उद्यमी छनौट गरी न्यूनतम ५ जना सम्मको लघु उद्यमी समूह गठन गर्ने र उक्त समूहलाई मासिक बैठक, मासिक बचत, बचत परिचालन, समूह खाता, सहकारी शिक्षा, समूहको अवधारणा, महत्व, पदीय जिम्मेवारी तथा उद्यमको कारोबारको विवरण (उत्पादन, बिक्रि, ऋण लगानी) सम्बन्धी विषयमा सुशिक्षित गर्ने ।

(छ) **उद्यमशिलता विकास तालिमः** सम्भाव्य उद्यमीहरुको पहिचान पश्चात उनीहरुको लागि अनकुल हुने स्थानमा उपस्थित गराई छनौट भएका सम्भाव्य उद्यमीहरुलाई ७ (सात) दिनको व्यवसाय सुरु र सुधार तालिम **(Start & Improve Your Business-SIYB)** तालिमको दुईवटा चरण **TOPE, TOSE** र थप एक दिनको लैङ्गिक तथा सामाजिक समावेसीकरण **(GESI)** तालिम समेत गरी जम्मा ८ दिनको तालिम प्रदान गर्नुपर्नेछ । यसरी तालिम सन्चालन गर्दा **TOPE** र **TOSE** तालिमको बीचमा कम्तिमा २ दिनको अन्तराल हुनुपर्नेछ ।

(ज) **सिप विकास तालिम संचालनः** व्यवसाय सुरु र सुधार तालिम लिएका सहभागीहरुमध्ये व्यवसायिक योजनाको आधारमा कम्तिमा ३० प्रतिशतलाई लामो अवधि (४६ देखि ९० दिनसम्म), कम्तिमा ३० प्रतिशतलाई मध्यम अवधि (१६ देखि ४५ दिनसम्म) र बाँकीलाई छोटो अवधि (७ देखि १५ दिनसम्म) को प्राविधिक सिप विकास तालिम प्रदान गर्नुपर्नेछ । सिप विकास तालिम प्रदान गर्दा तालिमको पाठयक्रम र तालिम प्रशिक्षक नेपाल सरकारबाट मान्यता प्राप्त भएको हुनुपर्नेछ । तर तालिम संचालनका समयमा उद्यमशीलता विकास तालिम प्राप्त सहभागीहरु मध्ये व्यवसायिक योजना, छनौट भएको उद्यमको प्रकृती र आवश्यकताको आधारमा सिप विकास तालिम प्रदान गर्नुपर्नेछ । तर कुनै विषयमा पाठ्यक्रम स्वीकृत भइनसकेको र सो अनुसार प्रशिक्षक उपलब्ध नभएको अवस्थामा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

(झ) **लघुकर्जा पहुंचका लागि सहजीकरणः** लघु उद्यम सञ्चालनमा आवश्यक लगानीको सुनिश्चितताका लागि मुख्यतः तीन पक्षमा ध्यान दिएर सहकार्य गर्ने ।

(अ) अति विपन्न जसको आफ्नो घरमा उद्यम सञ्चालनका लागि स्थान छैन भने त्यस्ता सम्भाव्य लघु उद्यमीहरुका लागि साझा सुविधा केन्द्र (उद्यम घर) मार्फत उद्यम सञ्चालनमा सहजिकरण गर्ने ।

(आ) सम्भाव्य लघु उद्यमीहरु जसको आफ्नै थोरै पुंजि छ र त्यसबाटै लघु उद्यम सञ्चालन गर्ने किसिमको व्यवसायिक योजना बनाएका छन् भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी उद्यम स्थापनाका लागि सहजिकरण गर्ने ।

(इ) सम्भाव्य लघु उद्यमीहरु जसलाई कर्जाको आवश्यकता छ भने त्यस्ता लघु उद्यमीहरुको पहिचान र अनुरोधमा स्थानीय स्तरमा सञ्चालित सहकारी, बैंक तथा लघु वित्त संस्थाहरुसंग प्रत्यक्ष भेटघाट,

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

ग) उपयुक्त प्रविधिको पहिचान गरी उद्यमीलाई लागत साझेदारीमा कार्यक्रमको तर्फबाट ८० प्रतिशत उद्यमीको तर्फबाट २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्ने ।

घ) उत्पादित वस्तुको ब्राण्डिङ्ग, प्याकेजिङ्ग, पेटेन्ट, डिजाइन र ट्रेडमार्क दर्ता, वजार मेला, प्रर्दशनीमा सहभागिता तथा सफल उद्यमको स्थलगत अवलोकन भ्रमणको लागि सहयोग गर्ने ।

ङ) स्तरोन्नतिको लागि गरिएका सम्पूर्ण कृयाकलाप लघु उद्यम विकास कार्यक्रम (MEDEP) र गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) अन्तर्गत प्रवर्द्धन गरिएका लघु उद्यमीको विवरण **MIS Database Software** मा अध्यावधिक गर्ने र त्यसको सारांश प्रतिबेदन नगरपालिकामा पेश गर्ने ।

च) व्यवसाय विकास सेवा प्रदायक संस्थाले उल्लेखित क्रियाकलापहरु गर्दा नगरपालिका र वडा कार्यालय लाई जानकारी दिई समन्वय गरी गर्नुपर्नेछ र संस्थाले पेश गर्नुपर्ने प्रतिबेदन, तथ्याङ्क, नक्सा, सर्भे प्रतिबेदन लगायतको बिवरण सम्झौतामा तोकिएको समयावधि भित्र पेश गरीसक्नु पर्नेछ ।

**५. व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुबाट प्राप्त आशय– पत्रहरु छनौट तथा मूल्यांकनका आधारहरुः**

**५.१ व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, क्षमता, जनशक्ति र न्यूनतम योग्यताः**

**क) सस्थाको अनुभव दर्ता तथा क्षमताः–** कार्यक्रम संचालन गर्नका लागि सम्बन्धित नगरपालिका, जिल्ला,भौगोलिक सिमाना जोडिएका जिल्ला तथा सम्बन्धित प्रदेशका अन्य जिल्लाका र अन्य प्रदेशका जिल्लाका सेवा प्रदायक संस्थाहरुको आशयपत्र र प्रस्ताव उपर क्रमशः पहिलो, दोश्रो र तेश्रो प्राथमिकताका आधारमा अङ्कभार निर्धारण गरी छनौट गरिनेछ ।

**ख) जनशक्ती**

**अ) वरिष्ठ उद्यम विकास सहजकर्ता १ जना**

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः** सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA), घरधुरी सर्वेक्षण ढज्क्ण, उद्यमशिलता विकास (SIYB/MECD/EDP) जस्ता तालिम लिई उद्यम विकास सहजिकरणमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) अन्तर्गत राष्ट्रिय सिप परीक्षण समिति (NSTB) बाट सिप परीक्षणमा कम्तिमा तह ३ उत्तीर्ण गरेको

२. **अनुभवः** लघु उद्यम वा व्यबसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको क्षेत्रमा अनुभव प्राप्त गरेकोलाई प्राथमिकता दिइनेछ ।

३. **लैङ्गिक तथा सामाजिक समावेसीः** महिला वा आदिवासि जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

**आ) उद्यम विकास सहजकर्ताः १ जना**

१. **आबश्यक न्युनतम योग्यताः** सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA), घरधुरी सर्वेक्षण (HHS), उद्यमशिलता विकास (SIYB/MECD/EDP) जस्ता तालिम लिई उद्यम विकास सहजिकरणमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) अन्तर्गत राष्ट्रिय सिप परीक्षण समिति (NSTB) बाट सिप परीक्षणमा कम्तिमा तह २ उत्तीर्ण गरेको ।

धुलिखेल नगरपालिका नगर कार्यपालिकाको कार्यालय धुलिखेल,काभ्रेपलान्चोक बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

२. अनुभवः लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको क्षेत्रमा अनुभव प्राप्त उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिइनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसीः महिला वा आदिवासी जनजाति वा दलित वा मधेशी वा अपाङ्ग लाई प्राथमिकता दिइनेछ ।

इ) तथ्यांक सहायक १ जना

१. **आवश्यक न्यूनतम योग्यताः** कम्प्युटर विषय लिई प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको वा जुनसुकै बिषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ३ महिने कम्प्यूटर तालिम लिएको ।

२. अनुभवः कम्प्युटर सम्बन्धी कार्य अनुभव भएकालाई प्राथमिकता दिइनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसीः महिला वा आदिवासी जनजाति वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

**नोटः** माथि जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएको संख्यमा उद्यम विकास सहजकर्ता र तथ्यांक सहायक प्रस्ताव नगरेका आशयपत्रहरु मान्य हुने छैनन् ।

६. व्यवसाय विकास सेवा प्रदायक संस्थाको संस्थागत योग्यता सम्बन्धी विवरणः

क) संस्थाको विधान वा प्रबन्ध पत्र तथा नियमावलीमा उल्लेखित उद्देश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत रुपमा दर्ता भई आशयपत्र पेश गर्ने अन्तिम मिति सम्ममा कम्तिमा २ बर्ष पुरा गरी लघु उद्यम वा व्यबसाय विकास वा व्यवसायिक सिप विकासको क्षेत्रमा काम गरेको अनुभव भएको हुनुपर्नेछ ।

ख) संस्था विधिवत दर्ता भई अद्यावधिक नविकरण भएको हुनुपर्नेछ ।

ग) कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेख भएका जनशक्ति उपलब्ध हुनुपर्नेछ ।

घ) मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनुपर्नेछ ।

ङ) आ.ब. २०७५/७६ को कर चुक्ता भएको हुनुपर्नेछ ।

च) सार्वजनिक कार्य गर्न नपाउने गरी संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र अनिवार्य संलग्न गर्नुपर्नेछ ।

नोटः अनुभवको प्रमाणको प्रतिलिपि, आ.व. २०७४/०७५ र २०७५।०७६ को लेखापरिक्षणको प्रतिवेदन, माथि उल्लेखित विषय प्रमाणित हुने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गराई अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ।

**७. प्रस्तावको ढाँचाः**

नगरपालिकाले तोके बमोजिमको ढांचामा हुने छ जुन नगरपालिकाको वेवसाइड www.dhulikhelmun.gov.np वाट प्राप्त गर्नसकिनेछ ।

धुलिखेल नगरपालिका नगर कार्यपालिकाको कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

८. **आशयपत्र पेश गर्ने तरिकाः**

आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनसम्म www.dhulikhelmun.gov.np वाट कार्यक्षेत्रगत शर्त (Terms of Reference-ToR) प्राप्त गरी सोहि दिनको कार्यालय समय भित्र दाखिला गर्न सकिने छ ।नियमानुसार रित पुगेका प्राप्त आशयपत्रहरु १६ औं दिन दिनको १ बजे नगरपालिकाको कार्यालयमा खोलिने छ। सो कार्यमा प्रस्तावित आशयपत्रका आधिकारीक प्रतिनिधिहरुको उपस्थिति नभए पनि आशयपत्रहरु खोल्न वाधा पर्ने छैन । आशयपत्रहरु खोल्ने दिन र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु सो को भोलिपल्ट हुनेछ ।

९. **आशयपत्र मूल्यांकन गर्ने तरिकाः**

आशयपत्रको अंक भार १०० कायम गरिएको छ । उत्तीर्णाङ्क ६० प्रतिशत अर्थात ६० अंक हुनेछ । उत्तीर्णाङ्क प्राप्त गर्ने प्रस्तावहरु मध्ये योग्यताक्रमका आधारमा कम्तिमा ३ देखि वढिमा ६ वटासम्म संस्थाहरुलाई प्रारम्भिक छनौटमा राखिनेछ। यसरी छनौट भएका संस्थाहरुको सूचि सार्वजनिक जानकारीको लागि कार्यालयको आधिकारीक पत्रवाट सोही संस्थाहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी गुणस्तर र लागत विधि अनुसार मूल्याकन गरिनेछ ।

१०. **विविधः**

प्रचलित कानूनको अधिनमा रही यसमा उल्लेख भएका कुराहरु यसै वमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली, २०६४ वमोजिम हुनेछ ।

११. **आशयपत्र मूल्यांकनको अंक भार विभाजन तथा आधारहरुः**

क) संस्थाको दक्ष जनशक्तिको योग्यता र अनूभवका आधारमा अधिकतम ३० अंक

ख) संस्थाको दर्ता, अनुभव, कार्यक्षेत्र र भौगोलिक उपस्थितिका आधारमा अधिकतम ५० अंक

ग) संस्थाको क्षमताको (आर्थिक र भौतिक समेत) अधिकतम २० अंक

धुलिखेल नगरपालिका नगर कार्यपालिकाको कार्यालय धुलिखेल,काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०६३

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner